# लोक सेवा आयोग

### अनामनगर, काठमाडौं

## प्रेस विज्ञप्ती

कोरोना भाईरस रोग (कोभिड -१९) को संभावित संक्रमण रोकथाम गर्ने अभिप्रायले नागरिकको स्वास्थ्य सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै लोक सेवा आयोगवाट २०७६ चैत्र ८ गते शनिवार र सो पश्चात २०७६ चैत्र ३० गते आईतवारसम्म सञ्चालन हुने गरी पूर्वनिर्धारित सम्पूर्ण लिखित परीक्षाका कार्यक्रमहरू अर्को व्यवस्था नभएसम्मका लागि मिति २०७६/१२/०६ को निर्णयवाट स्थगन गरिएको व्यहोराको सूचना आयोगको वेवसाईटमा यसपूर्व प्रकाशन गरिसकिएको छ ।

उपर्युक्त निर्णयबाट निजामती सेवा तर्फ नेपाल इन्जिनियरिङ सेवाका विज्ञापन नं. १७१५९/०७६-७७ राजपत्रांकित प्रथम श्रेणीका लिखित परीक्षाहरू, नेपाल इन्जिनियरिङ सेवाका विज्ञापन नं. १७२६४/०७६-७७ देखि १७२८४/०७६-७७ सम्मका, नेपाल कृषि सेवा, नेपाल वन सेवा र नेपाल विविध सेवाका १७२९२/०७६-७७ देखि १७३१२/०७६-७७ सम्मका राजपत्राङ्कित तृतीय श्रेणीका विभिन्न पदका लिखित परीक्षाहरू एवम् नेपाल प्रशासन सेवा, नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा तथा व्यवस्थापिका संसद सेवा तर्फका राजपत्रांकित तृतीय श्रेणीका विज्ञापन नं. १६६८६/०७६-७७ देखि १६७००/०७६-७७ सम्मका तथा नेपाल स्वास्थ्य सेवाका १७३१३/०७६-७७ देखि १७३२७/०७६-७७ सम्मका उक्त अवधिमा सञ्चालन हुनेगरी पूर्वनिर्धारित सवै लिखित परीक्षाहरू स्थगित भएका छन् । यसका साथै सुरक्षा निकाय तथा संगठित संस्थातर्फ नेपाली सेना, राष्ट्रिय अनुसन्धान विभाग, दुग्ध विकास संस्थान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र नेपाल नोटरी पब्लिक परिषद्का विभिन्न पद तथा तहका उक्त अवधिमा सञ्चालन हुनेगरी पूर्वनिर्धारित लिखित परीक्षा कार्यक्रमहरू समेत अर्को सूचना प्रकाशन नभएसम्मका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ती प्रकाशन गरिएको छ ।

(गीता होमेगाई)
प्रवक्ता

२०७६ चैत्र ६ गते, बिहीबार ।